**मिति २०८२।०६।२९ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को चौथो नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा मिति २०८२ भाद्र २४ गते जेनजी(GenZ) आन्दोलनका क्रममा भएको आगजनी, तोडफोड र लुटपाटबाट भएको क्षतिबाट नगरपालिकाको प्रशासकीय भवनको मर्मत, स्तरोन्नती एवं पुनःनिर्माणका लागि नगर विकास कोष (TDF) नयाँ बानेश्वर,काठमाण्डौंबाट प्रस्ताव माग भई आएकोले उक्त कोषले पालिकाहरुलाई आयोजनाको वित्तीय ढाँचा प्रस्ताव देहाय बमोजिम माग गरेकोले करिब ५० प्रतिशत अनुदान, ४० प्रतिशत सहुलियत ब्याजदरमा ऋण तथा १० प्रतिशत नगरपालिकाको लगानी रहने गरी कोषलाई प्राविधिकबाट लागत अनुमानको प्रस्ताव तयार गरी नगर विकास कोष (TDF) नयाँ बानेश्वर,काठमाण्डौंलाई सिफारिस पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.२** यस गैंडाकोट नगरपालिका,नगर कार्यपालिका कार्यालयले चालु आ.ब. २०८२/०८३ को लागि नगर क्षेत्र भित्रका निजि जग्गाहरुबाट ढुंगा/ माटो उत्खनन् तथा संकलन कार्य गर्न Narayani Training and Engineering Pvt. Ltd. गैंडाकोट-१, नवलपरासी( ब.सु.पू.) द्वारा तयार गरिएको तपशिलका निजि जग्गाहरुको संक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदनहरु स्वीकृत गर्ने र चालू आ.व.मा गण्डकी प्रदेश सरकारको आर्थिक ऐनमा तोकेको दररेट बमोजिम राजश्व दाखिला गरी देहाय बमोजिमका जग्गाहरुबाट ढुंगा/ माटो उत्खनन् तथा संकलन गर्न अनुमति दिने साथै उक्त कार्यको गैंडाकोट नगरपालिकाबाट गठित ढुंगा,गिट्टी,बालुवा र माटो बिक्री तथा व्यवस्थापन निर्देशक समितिबाट अनुगमन समेत गर्ने निर्णय गरियो।

**तपशिलः**

| क्र.सं. | स्थान र क्षेत्रफल | जग्गा धनीको नाम | स्थान |
|---|---|---|---|
| १ | साविक कोटथर ९ ( कि. नं. ३३७) क्षेत्रफल ३-११-०-१ जग्गा बाट १३१८.७३ घनमिटर ढुंगा | मान बहादुर ठाडा मगर | गैंडाकोट-१८ |
| २ | साविक बेल्डिहा २ घ ( कि.नं. ६९ ) क्षेत्रफल १-११-३-३ जग्गाबाट १८९९६.२१ घनमिटर माटो | अमप्रिता रामजाली मगर | गैंडाकोट-३ |

**निर्णय नं.३** गैंडाकोट नगरपालिका वडा नं. २ को निर्माणधिन वडा कार्यालय भवनको ठेक्का आव्हान गर्दाको शर्त भन्दा निर्माणको क्रममा निर्माणाधिन Site Condition अनुसार Plinth Level को उचाई ६ फिट गराउने गरी परामर्शदाताबाट संशोधित भएको र BOQ मा भएको केही परिमाण थपघट हुने देखिएकोले हाललाई बर्षातको पानी पहिलो तल्ला ढलान नगर्दा पर्ने जोखिम न्यूनिकरण गर्न पहिलो तल्लामा जस्ता लगाउने कार्य गर्ने र बरन्डा,सिडीं र गल्लीमा फिनिसिंग कार्य अर्को ठेक्का आव्हान पछि गर्ने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं.४** गैंडाकोट नगरपालिकाको निर्माणाधिन १५ शैय्याको नगर अस्पतालको संशोधित Detailed Project Report (DPR) (डि.पि.आर.ड्राफ्ट रिपोर्ट) लाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.५** गैंडाकोट ट्राफिक प्रहरी कार्यालयले भाडा वापत मासिक रुपमा रु. दश हजारका दरले नीजि घरधनी संग भएको सम्झौता बमोजिमको कागजातको आधारमा नगरपालिका समक्ष भुक्तानी माग गरेकोले चालू आ.व.को उक्त कार्यालयको भाडा वापतको रकम भुक्तानी दिने निर्णय गरियो।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं.६** नेपाल सकारको मिति २०८२।०६।०५ गतेको निर्णय अनुसार अर्थ मन्त्रालय सिंहदरबार,काठमाण्डौंको मिति २०८२ असोज ६ गतेको निर्देशन बमोजिम यस गैंडाकोट नगरपालिकामा कर्मचारी व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

- संघीय सरकारको प्राप्त बजेटबाट तलब भत्ता भुक्तान हुने गरी करारमा कार्यरत र हाल पूर्णरुपमा बजेट कटौती भएका र कार्यक्रम तर्फबाट आन्तरिकरण गरिएका लगायत देहायका पदका करारमा कार्यरत कर्मचारीहरुको मिति २०८२।०६।१६ गते देखि लागू हुने गरी करार सम्झौता भंग गर्ने ।
  १) सब ईन्जिनियर १ जना प्रधानमन्त्री रोजगार कार्यक्रम
  २) रोजगार सहायक १ जना प्रधानमन्त्री रोजगार कार्यक्रम
  ३) रिटर्नी स्वयंसेवक ३ जना सामी कार्यक्रम
  ४) क्षयरोग संयोजक १ जना क्षयरोग कार्यक्रम
  ५) सहायक कम्प्युटर अपरेटर (साविक सामाजिक परिचालक – कोपिला नेपाल ) १ जना
- भूमि आयोग खरेज भई औचित्य नरहेकोले भूमि व्यवस्था शाखामा देहायका पदमा करारमा कार्यरत कर्मचारीहरु
  १) सर्वेक्षक १ जना
  २) अमिन ३ जना
  ३) कार्यालयं सहयोगी १ जना
- संघीय सरकारबाट प्राप्त अनुदान मार्फत सञ्चालित लघुउद्यम विकास कार्यक्रम अन्तर्गत २ जना लघु उद्यम सहजकर्ताहरु मध्ये करार सम्झौता गरिएको मितिले कनिष्ठताको आधारमा १ जना
- यस गैंडाकोट नगरपालिकाको १७ औं नगर सभाबाट स्वीकृत संगठन संरचना एवं दरबन्दी विवरण र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको संगठन संरचना एवं दरबन्दी विवरणको अध्ययन विश्लेषण गरी औचित्य पूर्ण र उपयुक्त संगठन संरचना एवं दरबन्दी विवरण तयार गरी आगामी नगर सभामा पेश गर्न तपशिल बमोजिमको कार्यदल गठन गर्ने ।

तपशिलः

संयोजकः- श्री मधुकर मल्ल, वडा अध्यक्ष वडा नं. १३

सदस्यः- श्री रत्न प्रसाद सापकोटा, वडा अध्यक्ष वडा नं. ५

सदस्य सचिवः - श्री टुक प्रसाद काफ्ले, प्रशासन शाखा प्रमुख

**निर्णय नं.७** संघीय सरकारबाट १ जना एम आई एस अपरेटर, १ जना फिल्ड सहायकको लागि ५० प्रतिशत तलब भत्ता वापतको अनुदान प्राप्त हुने गरी श्रोत सुनिश्चिता भई आएकोमा यस नगरपालिकामा २ जना एम आई एस अपरेटर कार्यरत रहेकोले कार्यालयलाई ५० प्रतिशत रकम भन्दा बढी आर्थिक दायित्व नपर्ने गरी एम आई एस अपरेटरहरुको तलब मिलान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिका वडा नं. ६ का दलित जेहेन्दार विद्यार्थी सागर वि.क. ले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा MBBS अध्ययरत रहेको र छात्रवास लगायतमा बार्षिक रुपमा शुल्क बुझाउनु तर आर्थिक अभावको कारणबाट शुल्क बुझाउन कठिनाई रहेको भनी यस नगरपालिकामा आर्थिक सहयोगको निवेदन पेश गरेकोले सहयोग स्वरूप रु.६० हजार रुपैया आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन मल्ल अधिकारी
नगर प्रमुख